नेपाल सरकार
शिक्षक सेवा आयोग,
सानोठिमी, भक्तपुर

**परीक्षा स्थगित गरिएको अत्यन्त जरुरी सूचना**

शिक्षा ऐन (संशोधनसहित), २०२८ को दफा ११ च. मा भएको व्यवस्थाबमोजिम कार्यरत अस्थायी शिक्षक (प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तह) को परीक्षा यही २०७४ चैत्र २३ गते दिउसो १:०० बजे हुने गरी कार्यतालिका प्रकाशित गरिएकोमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ४७ मिति २०७४।१२।१५ गतेको पत्रबाट आन्तरिक प्रतियोगिताबाट शिक्षक पदपूर्ति गर्ने गरी विज्ञापन प्रकाशित भएकोमा उक्त विज्ञापनबाट मात्रै सबै रिक्त पदहरु पूर्ति हुन नसक्ने र यसबाट नियमित पठनपाठन प्रभावित हुनसक्ने देखिएकोले आन्तरिक र खुला विज्ञापन सँगसँगै गरी शिक्षक पदपूर्तिलाई व्यवस्थापन गर्दा उपयुक्त हुने समेतको व्यहोरा दर्शाई हाललाई २०७४ चैत्र २३ गतेका लागि तोकिएको परीक्षा कार्यतालिका स्थगित गर्न अनुरोध भई आएकोले उक्त परीक्षाको कार्यतालिका हाललाई स्थगित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यसबाट परीक्षार्थीहरुमा पर्न गएको असुविधा प्रति आयोग गहिरो दुःख व्यक्त गर्दछ ।